नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ६२१ मिति :- २०७१/५/४

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” वर्ग तथा राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू, इजाजतपत्र प्राप्त ट्राभल्स तथा टुर एजेन्सीहरु ।

विषय :-प्याकेज टुर सम्वन्धी काम गर्ने टुर अपरेटरहरुलाई प्रदान गर्ने सटही सुविधा सम्वन्धमा ।

महाशय,

यस बैंकवाट विदेशी विनिमयको कारोवार गर्न इजाजत प्राप्त गरेका नेपाली ट्राभल्स/टुर्स कम्पनीहरुले नेपाली नागरिकहरुलाई विदेश भ्रमणका लागि आफैले वा विदेशस्थित एजेन्सीसंग सहकार्य गरी विभिन्न टुर प्याकेज सम्वन्धी सेवा दिई सोको लागि विदेशस्थित टुर अपरेटरलाई भुक्तानी पठाउन विदेशी मुद्रा आवश्यक परेमा विदेश स्थित कम्पनी/संस्थाका नाउमा जम्मा हुने गरी प्रति व्यक्ति अमेरिकी डलर १००० सम्म देहायका कागजातहरु लिई बैंक तथा वित्तीय संस्थाले देहायका प्रक्रिया पुरा गरी भुक्तानी पठाउन सक्ने व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) सटही माँग गर्ने ट्राभल/ टुर कम्पनीले आफनो कारोवार भएको बैंक समक्ष निवेदन दिनुपर्ने छ ।
(ख) विदेश स्थित टुर प्याकेज संचालन गर्ने सम्वन्धित कम्पनी/संस्थाले जारी गरेको व्यक्ति संख्या र दर उल्लेख भएको इन्भ्वाइस हुनुपर्नेछ ।
(ग) भ्रमणमा जाने नेपाली नागरिकको पासपोर्ट, भिसा तथा कन्फर्म हवाई टिकटको प्रतिलिपि संग्लन हुनुपर्नेछ ।
(घ) उपरोक्त रकमवाट अपुग भएको खण्डमा भ्रमण गर्ने व्यक्तिले राहदानी सुविधा अन्तर्गत प्राप्त गर्ने विदेशी मुद्राको सीमावाट कट्टा गरी पासपोर्टमा भुक्तानी दिएको छाप लगाई मात्र सटही दिनुपर्नेछ ।
(ङ) कथंमकदाचित भ्रमण कार्यक्रम रद्ध हुने भएमा पठाएको रकम फिर्ता गर्ने जिम्मेवारी सटहीको लागि अनुरोध गर्ने ट्राभल टुर एजेन्सीको हुनेछ ।
(च) यसरी फिर्ता भएको विदेशी मुद्रा वापत सम्वन्धित बैंकले ट्राभल्स तथा टुर अपरेटरलाई नेपाली रुपैयामा सटही दिनु पर्नेछ ।

साथै, इजाजत पत्र प्राप्त ट्राभल तथा टुर एजेन्सीहरुले यसरी सटही लिई रकम पठाएको र भ्रमण रद्द भई रकम फिर्ता भएको विवरण यसै साथ संलग्न वमोजिमको फारम भरी मासिक रुपमा यस विभागको अनुगमन शाखामा पेशगर्नुपर्ने छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
का.मु. कार्यकारी निर्देश

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल एशोसियसन अफ टूर एण्ड ट्राभल एजेन्टस, नक्साल, काठमाडौ ।

इ.प्रा. परिपत्र संख्या ६२१ संग सम्वन्धित विवरण

## ट्राभल्स /टुर्स कम्पनीहरुले मासिक रुपमा बुझाउनु पर्ने विवरण

कम्पनीको नाम:

(क) सटही लिएको विवरण :

| क.सं. | सटही लिएको व्यक्तिको नाम | पासपोर्ट नम्वर | सटही रकम वि.मु. | सटही दिने बैंक शाखा | भुक्तानी पाउने विदेशी टुर अपरेटरको नाम, ठेगाना | भ्रमण सम्पन्न हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(ख) भ्रमण रद्द भई रकम फिर्ता भएको विवरण :

| क.सं. | सटही लिएको व्यक्तिको नाम र मिति | रकम | सटही दिने बैंक | रकम फिर्ता भएको बैंक | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |